# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।२७ गते

# प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर गरिएको।

---

सर्लाही र रौतहट जिल्लामा भारतीय सहयोगमा बनेको वागमती नदी नियन्त्रण आयोजनाको काममा जल उत्पन्न विभागका तत्कालिन उपमहानिर्देशक खोमराज दाहाल र सो कार्यालयका कर्मचारीहरूले ठेकेदारसँग मिलेमतो गरी ठेकेदारलाई फाईदा पुऱ्याउने काम गरेर ठूलो रकम भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नेपाल भारत सहयोगमा निर्माण गरिएको वागमती नदी नियन्त्रण योजनाको प्याकेज C मा रू.५०,६४,६२०।-(पचास लाख चौसठ्ठी हजार छ सय बीस रुपयाँ मात्र) र प्याकेज D मा रू.३५,२६,०००।- (पैंतीस लाख छब्बीस हजार रुपयाँ मात्र) गरी कुल रू.८५,९०,६२०।- (पचासी लाख नब्बे हजार छ सय बीस रुपयाँ मात्र) ठेकेदार कम्पनीलाई उपलब्ध गराइएको अग्रिम भुक्तानी रकम अग्रिम भुक्तानी जमानत (Advance Payment Guarantee) को कायम रहेको म्यादभित्र लापरवाही र बदनियतका साथ बैंकमा दावी नगरेको तथा भुक्तानी लिने ठेकेदार कम्पनीले पनि बदनियतकासाथ सरकारी रकम फिर्ता नगरी खाईमासेको देखिंदा सो कार्य ठेकेदार कम्पनीका पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरूको मिलेमतोमा नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने र ठेकेदार कम्पनीलाई फाईदा पुऱ्याउने बदनियतकासाथ गरे गराएको सप्रमाण पुष्टि हुन आएको देखिएकोले उक्त कार्यहरूमा संलग्न रहेका जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३, बाराका तत्कालीन कार्यालय प्रमुख हीरा नन्द झा, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३, बाराका तत्कालीन लेखा प्रमुख (लेखापाल) अरुण कुमार राई, निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर दि कन्चनजंगा निर्माण सेवा प्रा.लि.का प्रबन्ध निर्देशक तेण्डी शेर्पा, निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर एम.के. निर्माण सेवा प्रा.लि.का कार्यकारी निर्देशक जीवन थापा, निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर बज्रगुरु निर्माण सेवा प्रा.लि.का अध्यक्ष रेवन्त कुमार बस्नेतलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

देहाय :-

| सि.न | नाम थर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| १ | हीरा नन्द झा | तत्कालीन कार्यालय प्रमुख | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं. ३, बारा | रू.८५,९०,६२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ ले निर्देश गरेबमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजायँ हुन र हानिनोक्सानी भएको बिगो समेत ऐ. ऐनको दफा १७ बमोजिम निजवाट असुल उपर गरी पाउन मागदावी |
| २ | अरुण कुमार राई | तत्कालीन लेखा प्रमुख (लेखापाल) | ,, | रू.८५,९०,६२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ ले निर्देश गरे बमोजिम ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजायँ हुन र हानी नोक्सानी भएको बिगो समेत ऐ. ऐनको दफा १७ बमोजिम निजवाट असुल उपर गरी पाउन मागदावी |

| सि.न | नाम थर | पद | कार्यालय | बिगो | सजाय मागदाबी |
|---|---|---|---|---|---|
| ३ | तेण्डी शेर्पा | प्रबन्ध निर्देशक | निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर दि कन्चनजंगा निर्माण सेवा प्रा.लि. | रू.८५,९०,६२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र ऐ. दफा २३ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम सजायँ गरी बिगो समेत निजवाट असुल उपर गरी पाउन मागदावी |
| ४ | जीवन थापा | कार्यकारी निर्देशक | निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर एम.के. निर्माण सेवा प्रा.लि. | रू.८५,९०,६२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र ऐ. दफा २३ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम सजायँ गरी बिगो समेत निजबाट असुल उपर गरी पाउन मागदावी |
| ५ | रेवन्त कुमार बस्नेत | अध्यक्ष | निर्माण कम्पनी एम.के. निर्माण-बज्रगुरु-दि कन्चनजंगा जे.भी.को जे.भी. पार्टनर बज्रगुरु निर्माण सेवा प्रा.लि. | रू.८५,९०,६२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) र ऐ. दफा २३ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (४) बमोजिम सजायँ गरी बिगो समेत निजवाट असुल उपर गरी पाउन मागदावी |

(मदन कोइराला)

सहायक प्रवक्ता